# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, चैत ३० गते २०३४ साल [अतिरिक्ताङ्क ६३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

प्रस्तावना : मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाको मानको खातिर सम्मान पदसम्बन्धी विषयलाई सामयिक र स्पष्ट रूपमा नियमबद्ध गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार यो नियमावली बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "साहेबज्यू तथा चौतरियासम्बन्धी नियमावली, २०३४" रहेको छ।

(२) यी नियमहरू सम्वत् २०३५ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. परिभाषा : यो नियमावलीमा–

(क) "श्री ५" भन्नाले श्री ५ महाराजाधिराजलाई सम्बोधन भएको सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरिया" भन्नाले राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन तथा मानको खातिर सम्मानसम्बन्धी नियम अनुसार श्री ५ बाट प्रदान गरिबक्सने मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाको मानको खातिर सम्मानको पद सम्झनुपर्दछ ।

(ग) "समिति" भन्नाले नियम ५ बमोजिम मनोनयन सिफारिशको लागि गठित समितिलाई सम्झनुपर्दछ ।

(घ) "परिवार" भन्नाले नियम ४ को उप-नियम २ को खण्ड (क) को पुस्ताभित्रको बंशजमा एकभन्दा बढी दाज्यू, भाइ वा अविवाहिता ३५ वर्ष उमेर पुगेको दिदी, बहिनीहरू भिन्न भै छुट्टिएर बेग्लाबेग्लै बसेको परिवारलाई सम्झनुपर्दछ ।

३. नियुक्ति : श्री ५ बाट समय समयमा अन्यथा हुकुमबक्सेमा बाहेक मौसूफबाट उपयुक्त सम्झिबक्सेमा समितिको सिफारिशमा देहायका मानका खातिर सम्मानको पदमा मनोनीत गरिबक्सनेछः-

(क) मुख्य साहेबज्यू- एकजना ।
(ख) साहेबज्यू- नौजना ।
(ग) मुख्य चौतरिया- एकजना ।
(घ) चौतरिया- चारजना ।

४. योग्यता : (१) यो नियमावलीबमोजिम योग्यता पुगेका व्यक्ति मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाको पदमा मनोनीत हुन सक्नेछन् ।

(२) नियम ७ का अधीनमा रही मनोनयनका लागि योग्य हुन प्राथमिकताको क्रम देहायबमोजिम हुनेछः-

(क) समय समयमा नेपाल अधिराज्यको राजगद्दीमा राज होइबक्सेका श्री ५ महाराजाधिराजका पुरुषतर्फका सन्तानमा मौसूफसहित मुख्य साहेबज्यू तथा साहेबज्यूको हकमा चार पुस्तादेखि सात पुस्तासम्मका वंशज र मुख्य चौतरिया, चौतरियाको हकमा आठ पुस्तादेखि दश पुस्तासम्मका वंशज ।

(ख) खण्ड (क) मा उल्लिखित पुस्ताभित्रका सबभन्दा नजिकको पुस्तामध्ये प्रत्येक परिवारबाट मिल्न सकेसम्मका एकजना । तर त्यस्तो नजिकको पुस्तामा एकभन्दा बढी व्यक्ति भएमा उमेरको ज्येष्ठताले प्राथमिकता पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यो नियमको खण्ड (क) र (ख) को पुस्ताभित्र प्राथमिकताको क्रमानुसार मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाको पदमा मनोनयन हुन कुनै पुरुष व्यक्ति नभई स्त्री व्यक्ति भएमा त्यस्तो स्त्री व्यक्ति अविवाहिता रही ३५ वर्षको उमेर पुगिसकेको रहेछ भने निज पनि उक्त पदको लागि योग्य हुन सक्नेछ ।

तर यस खण्डबमोजिम कुनै स्त्री व्यक्तिको उक्त पद पाइसकेपछि विवाह भएमा सो पदबाट स्वतः खारेज भएको मानिनेछ ।

५. समितिः श्री ५ का हजूरमा मनोनयनको लागि सिफारिश चढाउन देहायबमोजिम समिति रहनेछः–

(क) मनोनीत मुख्य साहेबज्यूको हकमा–

(१) राजसभा स्थायी समितिका सभापति– अध्यक्ष
(२) प्रमुख राजदरबार पदाधिकारी– सदस्य
(३) हाकिम, राजकीय सम्पत्तिकोष विभाग– सदस्य-सचिव

(ख) मनोनीत साहेबज्यूको हकमा–

(१) राजसभा स्थायी समितिका सभापति– अध्यक्ष
(२) मुख्य साहेबज्यू– सदस्य
(३) प्रमुख राजदरबार पदाधिकारी– सदस्य
(४) सचिव, प्रमुख राजदरबार पदाधिकारी कार्यालय– सदस्य
(५) हाकिम, राजकीय सम्पत्तिकोष विभाग- सदस्य-सचिव

(ग) मनोनीत मुख्य चौतरियाको हकमा–

(१) राजसभा स्थायी समितिका सभापति-- अध्यक्ष
(२) मुख्य साहेबज्य– सदस्य
(३) प्रमुख राजदरबार पदाधिकारी– सदस्य
(४) सचिव, प्रमुख राजदरबार पदाधिकारी कार्यालय– सदस्य
(५) हाकिम, राजकीय सम्पत्तिकोष विभाग– सदस्य–सचिव

(घ) मनोनीत चौतरियाको हकमा–

(१) राजसभा स्थायी समितिका सभापति– अध्यक्ष
(२) प्रमुख राजदरबार पदाधिकारी– सदस्य
(३) मुख्य चौतरिया– सदस्य
(४) सचिव, प्रमुख राजदरबार पदाधिकारी कार्यालय– सदस्य
(५) हाकिम, राजकीय सम्पत्तिकोष विभाग– सदस्य–सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

६६५

६. सुविधा : मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियालाई नियम ८ मा व्यवस्था भएको पारिश्रमिकका अतिरिक्त देहायबमोजिमको सुविधा उपलब्ध हुनेछ:–

(क) कुनै सरकारी वा गैरसरकारी ओहदामा रहेका मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाले सो ओहदा छाड्नु पर्नेछैन र त्यस्तो ओहदामा नरहेको व्यक्तिलाई प्रवेश गर्न पनि निषेध गरिनेछैन । नियम ८ मा व्यवस्था भएको पारिश्रमिक र सरकारी वा गैरसरकारी ओहदामा रहेबापत पाउने पारिश्रमिक दुवै खान पाउनेछ।

(ख) ६० वर्ष उमेर पुगिसकेपछि कुनै पनि समारोहमा उपस्थित हुन बाध्यता हुनेछैन।

७. आचरण र कर्तव्य : श्री ५ बाट समय समयमा अन्यथा व्यवस्था गरिबक्सेमा बाहेक मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया, र चौतरियाले देहायबमोजिमका आचरण पालन गर्नु पर्नेछ:–

(क) राजपरिवार र शाह वंशको परम्परा, मर्यादा र प्रतिष्ठाको पूर्ण सम्मान गरी बफादार रहनु पर्नेछ।

(ख) राजपरिवारको मर्यादा र प्रतिष्ठाको प्रतिकूल हुने कुनै किसिमको अशोभनीय आक्षेप लाग्ने आचरण वा व्यवहार गर्न गराउन हुनेछैन।

(ग) आफ्नो पदलाई माध्यम बनाई कुनै आर्थिक प्रलोभन वा मोलाहिजामा लाग्न र लगाउन हुने छैन।

(घ) राजपरिवार, राष्ट्र र नेपाली समाजलाई अहित हुने कुनै कुरा थाहा भए वा देखिएमा श्री ५ का हजूरमा जाहेर गर्नेछ।

(ङ) राजपरिवारको कुनै पनि सदस्यको अन्तिम सँस्कार गर्नु परेमा धार्मिक विधि अनुसार गर्नु पर्नेछ ।

(च) श्री ५ बाट समय समयमा बक्सेको निकासाबमोजिम कार्य गर्नेछ।

(छ) नेपाली जन्मसिद्ध नागरिक तथा हिन्दूधर्मावलम्बी हुनु पर्नेछ ।

(ज) मनोनीत हुन कम्तीमा २१ वर्ष उमेर पुरा भएको हुनु पर्नेछ ।

(झ) स्वीकृति बेगर कुनै विदेशी नागरिकसित विवाह गर्नु हुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) कुनै पनि विदेशी नागरिकको सेवा गर्न पाउने छैन ।

(ट) मुख्य साहेबज्यूले साहेबज्यूहरूको र मुख्य चौतरियाले चौतरिया-हरूको वंशावली मिलाई तयार राख्नु पर्नेछ ।

८. पारिश्रमिक : (१) मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाले आ-आफ्नो पदको कर्तव्य पालन गरेसम्म देहायबमोजिमको पारिश्रमिक पाउने छन् :–

(क) मुख्य साहेबज्यू के मासिक रू. १,१००।– (एकहजार एकसय)

(ख) साहेबज्यू के मासिक रू. १,०००।– (एकहजार)

(ग) मुख्य चौतरिया के मासिक रू. ९००।– (नौसय)

(घ) चौतरिया के मासिक रू. ८००।– (आठसय)

(२) (क) मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरियाहरूले पारिश्रमिकको एक तिहाई $\frac{1}{3}$ का दरले बडा दशैं खर्च पाउनेछन् ।

(ख) मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरिया-हरूले आफ्नै सुत्केरी खर्च, पास्नी खर्च, ब्रतवन्ध खर्च, विवाह खर्च र क्रिया खर्च पारिश्रमिकको एक तिहाई $\frac{1}{3}$ का दरले पाउने छ ।

(ग) मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौतरिया-हरूले आफ्नो उपचारको चिकित्सकको प्रेसक्रिप्शन सहित ३ महीनाभित्र बिल पेश गरेमा बिलबमोजिमको ५० प्रतिशत औषधि उपचार खर्च पाउनेछन् ।

(घ) कुनै मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया र चौत-रियाको मृत्यु उप्रान्त निजका पत्नी रहेछ भने निजले जीवन निर्वाहका लागि श्री ५ का हजूरमा बिन्तीपत्र चढाएमा मनोनयन-को लागि सिफारिश चढाउन गठन भएको समितिले उचित ठह-राएमा सिफारिश सहित श्री ५ का हजूरमा जाहेर गरी श्री ५ बाट उपयुक्त ठहराइबक्सेमा जीवन वृत्तिको निमित्त मृत व्यक्ति-को पद अनुसारको मासिक पारिश्रमिकको पचास प्रतिशतका दरले हुने मासिक रकम निजको पत्नीलाई आजीवन प्रदान गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सरकारी कामको सिलसिलामा खटी गएमा मात्र भ्रमण भत्ता तथा दैनिक भत्ता राजदरबारको नियमबमोजिम दिइनेछ ।

(च) मनोनीत मुख्य साहेबज्यू, साहेबज्यू, मुख्य चौतरिया तथा चौतरियाहरूलाई उमेरको हदबाट अवकाश गरिने छैन ।

(छ) श्री ५ बाट बक्सेको पारिश्रमिक र बकस रकममा कुनै कर लाग्ने छैन ।

९. नियमबमोजिमको आचरण नगरेमा समितिको सिफारिशमा पदबाट खारेज हुन सक्नेछ

१०. यो नियमबमोजिम हुने : अन्य नियमहरू र निशानाहरूमा जे सुकै कुरा लेखिएको भए तापनि यस नियमावलीमा व्यवस्था भएका विषय जतिमा सोहीबमोजिम हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

अधिकारिक मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।